खुला तथ्याङ्क (Open Data) को परिप्रेक्ष्यमा तथ्याङ्क विधेयकको

विश्लेषण–पत्र

फ्रिडम फोरम
थापाथली, काठमाडौं
पुस, २०७७

भूमिका

नेपालमा तथ्याङ्क (Data) सम्बन्धी विषयलाई नियमन र व्यवस्थापन गर्न केन्द्रिय तथ्याङ्क विभाग रहेको छ । यो विभाग राष्ट्रिय योजना आयोग अर्न्तगत पर्दछ। यस सम्बन्धी व्यवस्थापन र नियमनका लागि तथ्याङ्क ऐन २०१५ रहेको छ। ६० वर्ष भन्दा पुरानो यो ऐन पटक-पटक संशोधन हुँदै आएको र सोही अनुसार नै राष्ट्रिय तथ्याङ्क प्रणाली सञ्चालन हुँदै आएको हो ।

नयाँ संविधान अनुसार तथ्याङ्क सम्बन्धी काम अब तीनै तहको सरकारको जिम्मेवारीमा रहेको छ । २०७२ मा संविधान सभाबाट जारी भएको संविधानको अनुसूची हरु ५,६,७ र ८ मा तथ्याङ्क सम्बन्धी जिम्मेवारीको व्यवस्थाहरु उल्लेख छ। संघ, प्रदेश र स्थानीय तहका सरकारले तथ्याङ्क संकलन, अभिलेख व्यवस्थापन, तथ्याङ्क (data & info) भण्डारण लगायतका काम गर्ने जिम्मेवारी दिइएको छ ।

यो नयाँ संवैधानिक प्रवन्ध अनुसार तथ्याङ्क सम्बन्धी नियमनको विषयलाई व्यापक पुर्नसंरचना गर्नुपर्ने, सूचना प्रविधिको तीव्र विकास र डाटाको अवधारणामा आएको खुलापन सम्बन्धी अन्तराष्ट्रिय लहर आदीलाई समेत सम्बोधन गर्न तथ्याङ्क सम्बन्धी नयाँ कानुन बनाउनु पर्ने आवश्यकता छ।

यसै सन्दर्भलाई सम्बोधन गर्न नेपाल सरकारले संघीय संसद समक्ष, "तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" दर्ता गराएको एक वर्ष भैसक्यो । उक्त विधेयक माथि अहिले संसदको माथिल्लो सदन राष्ट्रिय सभाको विधायन समितिमा छलफल भैरहेको छ । तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय र व्यवस्थित गर्न यो नयाँ कानुन आवश्यक परेको सरकारको भनाई छ ।

यो विधेयकमा प्रशस्त सार्वजनिक बहस हुनुपर्ने तथा संशोधन र सुधारका लागि सरकार र संसदमा व्यापक पैरवी/वकालत हुनुपर्ने आवश्यकता छ । लामो समय देखि चल्दै आएको तथ्याङ्क प्रशासनको मान्यतामा व्यापक परिर्वतन ल्याउन समाजका विभिन्न क्षेत्रले यसबारे चासो राखी दबाब सिर्जना गर्न अग्रसर हुनुपर्दछ।

यसै पृष्ठभूमिमा यसबारे स्वस्थ, गम्भिर, विस्तृत र बहुआयामिक छलफलको लागि सहयोग पुगोस् भनी विधेयकका प्रावधानहरुको बारेमा समीक्षा गरी यो पत्र तयार गर्ने प्रयास गरिएको छ । यस विधेयकमा गरिएका प्रावधानहरुबाट के कस्तो प्रभाव पर्छ अध्ययन गरी यसमा गरिनुपर्ने सुधारका विषयहरु के/के हुन् भन्ने पहिचान गर्ने प्रयास भएको छ । साथै, यस विधेयकमा प्रस्तावित प्रावधानहरुको संशोधन के कसरी हुनुपर्छ तथा यसमा छुटेका विषयहरु के/के हुन् र ती कसरी थप गरिनु पर्दछ भनी केही वैकल्पिक प्रस्तावहरु पनि तयार पारिएको छ । यस विधेयकको सुधार गर्न आवश्यक वकालतका लागि मार्ग निर्देशन गर्न यो पत्र सहयोगी हुनेछ । कुन/कुन निकाय र सरोकारवालाहरुको के कस्तो संलग्नता आवश्यक छ र कसले के कस्तो भूमिका खेल्नु पर्दछ भन्ने बारेको सुझाव पनि यस पत्रमा प्रस्तुत छ ।

विश्लेषण विधि र सीमा

यो विश्लेषण पत्र तयार गर्दा विभिन्न सन्दर्भ सामग्रीको समीक्षा, नीतिगत संवाद, परामर्श र पृष्ठपोषण जस्ता विधिहरु अवलम्बन गरिएका छन । यस सन्दर्भमा नेपालको संवैधानिक, कानुनी र नीतिगत दस्तावेजहरुमा समाविष्ट तथ्याङ्क र सूचना सम्बन्धी विभिन्न प्रावधानहरुको समीक्षा गरिनुका साथै यससँग सम्बन्धित अन्तर्राष्ट्रिय सिद्धान्त र असल अभ्यासहरुको पनि पुनरावलोकन गरिएको छ । यस अर्न्तगत नेपालको संविधान २०७२, प्रस्तावित राष्ट्रिय तथ्याङ्क विधेयक- २०७६, सूचनाको हक सम्बन्धी ऐन -२०६४, मुलुकी अपराध (संहिता) ऐन २०७४, प्रतिलिपी अधिकार ऐन- २०५९, गोपनियता सम्बन्धी ऐन २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४ र २०७५ खुला सरकारी तथ्याङ्कसम्बन्धी राष्ट्रिय रणनीतिपत्र र विभिन्न लेख, आलेख र नीतिपत्रहरु समीक्षा गरिएको छ ।

त्यसैगरी समीक्षा गरिएका अन्तराष्ट्रिय दस्तावेजहरुमा सरकारी तथ्याङ्क सम्बन्धी अन्तराष्ट्रिय वडापत्र र विभिन्न राष्ट्रहरुले अवलम्बन गरेका असल अभ्यास र कानुनी प्रावधानहरु रहेका छन् । यो विश्लेषणपत्र तयार गर्दा नेपालको खुला तथ्याङ्कको अभ्यास र अभियानमा संलग्न विभिन्न नागरिक संस्था र निजी क्षेत्रका प्रतिनिधिहरुसँग पनि प्रस्तावित विधेयकमा खुला तथ्याङ्कीय दृष्टिकोणबाट गर्नुपर्ने सुधारका विषयमा केन्द्रित रहेर परामर्श गरिएको छ । साथै कानुनी सुधारका विषयमा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति र सुशासन तथा दिगो विकास समितिमा पनि प्रस्तुतिकरण गरिएको थियो । त्यसैगरी राष्ट्रिय योजना आयोग र केन्द्रिय तथ्याङ्क विभागका पदाधिकारीहरु समक्ष पनि कानुनी तथा नीतिगत सुधारको प्रारुपसहितको दफावार टिप्पणी इमेलमार्फत प्रेषण गरिएको थियो ।

यो विश्लेषण पत्रका केही सीमाहरु पनि रहेका छन् । यसमा मुलतः खुला तथ्याङ्कीय अवधारणा अन्तरगत तथ्याङ्कहरुको भण्डारण र वितरण एवं नागरिकको सहज पहूँच तथा अनुसन्धान सर्भेक्षणमा स्वतन्त्रताका पक्षहरुलाई ध्यान दिइएको छ । परामर्श र सामाग्री समीक्षाको सन्दर्भमा पनि तथ्याङ्कीय खुलापन र मान्यताहरु सूचनाको हकको विषय र सहभागीलाई मात्र समावेश गरिएको छ । फ्रिडम फोरमको यी क्षेत्रमा लामो अनुभव र संलग्नता रहेको र सो सन्दर्भमा यस संस्थाले हालसम्म तयार गरेको ज्ञान यो नीतिपत्रमा समेटिएको छ ।

१) परिचय खण्ड

१.१) नेपालमा तथ्याङ्क कानुन, संस्था र अभ्यास

नेपालमा आजभन्दा एक शताब्दी अगाडि राणाकाल देखिनै जनसंख्याको व्यवस्थित गणना गर्ने पद्दती र संरचनाहरु प्रयोगमा थिए । देशमा २००७ मा प्रजातन्त्रको युग सुरु हुनुभन्दा अगाडि *जनसंख्या गोस्वरा र औद्योगिक-व्यापारिक समाचार संग्रह अड्डाको* रुपमा तथ्याङ्क प्रशासनको अभ्यास थियो । पछि यसलाई संख्या विभागका रुपमा विकास गरियो । जसलाई पछि तथ्याङ्क ऐनद्वारा व्यवस्थित गरियो २०१५ सालमा र, अहिलेको केन्द्रिय तथ्याङ्क विभाग सोही ऐन अनुसार पुस १७, २०१५ मा स्थापना गरियो । ५२ वर्ष अगाडि स्थापित यस तथ्याङ्क संरचनालाई अहिले राज्यको नयाँ संरचना अनुसार र प्रविधिमा आएको क्रान्तिको सन्दर्भ समेतलाई ध्यानमा राखी परीवर्तन गर्न खोजिएको छ ।

जतिवेला पहिलो पटक तथ्याङ्क ऐन बनाइयो, त्योवेला देश विकासको प्रारम्भिक चरणमा थियो र व्यवस्थित तथ्याङ्कको आवश्यकताको धेरै महसुस भएको हुनुपर्छ । त्यसैले तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रवाहको सम्पूर्ण दायित्व सहितको अधिकार सम्पन्न निकाय बनाइयो । साथै तथ्याङ्क संकलन र प्रवाहको लागि यस निकायको स्वीकृति लिनुपर्ने आदि व्यवस्थाहरु गरिए ।

समयक्रममा तथ्याङ्क प्रशासनलाई आधुनिकीकरण गर्ने प्रयास हुँदै आएका थिए । २०५१ सालमा तथ्याङ्क प्रणालीलाई व्यापक रुपमा परिवर्तनको लागि *आर्थिक योजना र तथ्याङ्क सेवा नियमावली* जारी गरियो । र, २०७० सालमा पनि तथ्याङ्क प्रणालीको संरचनामा सुधार ल्याइयो तर ती सवै सुधार प्रक्रियामा खुला तथ्याङ्कको अवधारणा प्रवेश गरेको देखिँदैन ।

नेपालमा विभिन्न निकायहरूले भिन्दाभिन्दै तथ्याङ्क उत्पादन गरिरहेका छन् । केन्द्रीय स्तरमा तथ्याङ्क उत्पादन तथा वितरण गर्ने आधिकारिक निकाय भनेका तथ्याङ्क विभाग, अर्थ मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, नेपाल राष्ट्र बैंक, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा मन्त्रालय,

कृषि विकास मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालाय, महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक खरिद अनुगमनको कार्यालय तथा नेपाल पुनर्निर्माण प्राधिकरण आदी हुन् । यस्तै अन्य मन्त्रालयहरूले पनि प्रशासनिक र सरकारको काम कारवाहीका लागि तथ्याङ्क संकलन गर्ने गर्छन् । प्रदेश र स्थानीय सरकारले पनि महत्वपूर्ण तथ्यांक/सूचनाहरू उत्पादन र भण्डारण गर्छन् ।

तथ्याङ्क-आँकडा, संख्या प्रणालीका सरोकारवाला पक्ष व्यापक छन् । केन्द्रिय तथ्याङ्क कार्यालय एउटा प्रमुख राज्य निकाय हो, तर यो मात्रै निकायलाई केन्द्रित गरेर कानुन बनाउँदा संकुचन हुन जान्छ । डाटा संकलन, उत्पादन, भण्डारण र वितरण कार्यमा तीनै तहको सरकारका विभिन्न मन्त्रालय र विभागहरु संलग्न छन् । नेपाल राष्ट्र बैंक, विभिन्न अध्ययन-अनुसन्धान र सेवाप्रवाहमा संलग्न नागरिक संघ-संस्था, निजी क्षेत्रका प्रतिनिधि संस्थाहरु एवं परामर्श र अनुसन्धान संस्थाहरु तथा प्रत्येक डाटा प्रयोगकर्ता व्यक्ति, संस्था र निकाय यस प्रणालीमा प्रत्यक्ष सरोकारवाला हो । विकास र अनुसन्धानका क्षेत्रमा तथ्य-तथ्याङ्कको आवश्यकता नपर्ने कुनै क्षेत्र र विधा छैन होला, त्यसैले तथ्याङ्क सम्बन्धी कानुन समग्र समाजको सरोकारको विषय हो ।

नेपालमा तथ्याङ्कको अवस्थामा सुधार ल्याउन सरकार, नागरिक समाज, संसद, नीजि क्षेत्र, मिडिया र टेक कम्युनिटीका विभिन्न प्रयास र अभ्यासहरुले उल्लेखनीय आधारहरु तयार गरेको छ । नेपाल सरकारले अनलाइन नलेज हबको रुपमा राष्ट्रिय तथ्याङ्क पोर्टल पनि सञ्चालन गरेको छ र केन्द्रीय तथ्याङ्क विभागले यसको जिम्मेवारी पाएको छ ।

नागरिक समाज तथा निजी क्षेत्रका केही अग्रणी पहलहरूमा ओपन नेपालको 'ओपन नेपालडाटा पोर्टल', ओपन नलेज नेपालको 'ओपन डाटा नेपाल पोर्टल', विकास उद्यमीको 'नेपाल इन डाटा पोर्टल', काठमाडौं लिभिङ् ल्याब 'ओपन स्ट्रिट म्याप पोर्टल', आइआइडीएसको 'नेपाल स्टाट डाटाबेस' र एलएसपी एसोसिअट्सको 'नेपाल ओपन ट्याकसेसन् डाटा' हुन् । यसका अतिरिक्त विश्व बैंक लगायतका विभिन्न विकास साझेदार र अन्तराष्ट्रिय गैर-सरकारी संघसंस्थाहरुले पनि क्षेत्रगत डाटा पोर्टलहरु सञ्चालनमा ल्याएका छन् । यी पोर्टलहरूले विभिन्न क्षेत्रका डाटालाई एकीकृत रुपमा तुलना गर्न मिल्ने गरी सहजरुपमा डाटा उपलब्ध गराएका छन् । यिनीहरूले विभिन्न रुपमा तथ्याङ्क संकलन र वितरण गर्छन् । केही वर्ष अघिदेखि तथ्याङ्कको वितरण र प्रयोगगरी विकासका चुनौतीहरुको नवीनतम रुपमा सम्बोधन गर्न संस्थागत एवम् समूहगत प्रयासहरुमा बढोत्तरी भएको छ । यी मध्ये केही समूहहरुले खुला तथ्याङ्कको प्राविधिक समाधानका क्षेत्रमा काम गरिरहेका छन् भने केहीले उपयुक्त सार्वजनिक नीति निर्माणका लागि सरकारसँग पैरवी/वकालतको प्रक्रियामा संलग्न रहेका छन् ।

तथ्याङ्कका प्रयोगकर्ताहरू विभिन्न समूहका हुन्छन् । सामान्यतया नागरिकहरू त्यस्ता सूचनाको प्रयोग सेवा प्राप्तिका लागि गर्छन् भने नागरिक समाजका समूहहरू बहस तथा विश्लेषण गर्नका लागि प्रयोग गर्छन् । साथै त्यस्ता समूहहरूले मिडियालाई तथ्याङ्क प्राप्त गर्नका लागि सहजता प्रदान गर्छन् । र, सामान्य रुपमा विश्लेषण गर्न कठिन हुने तथ्याङ्कलाई सरल र प्रविधिमैत्री पनि बनाइदिन्छन् । सरकारका निकायहरुले पनि त्यस्ता तथ्याङ्कहरूलाई योजना तथा नीति निर्माणका लागि प्रयोग गर्छन् । तथ्याङ्क माथिको पहुँच र प्रयोग गरेर संघमा मात्र नभई स्थानीय तथा प्रदेश स्तरमा हुने विकास निर्माणका कार्यलाई कसरी जवाफदेही र सहभागितामूलक बनाउन सकिन्छ भन्नेबारे पनि प्रस्तावित कानुनलाई पारित गर्ने परिप्रेक्ष्यमा ध्यान दिइनु र बहस गर्नु आवश्यक छ ।

१.२) विधेयकको विश्लेषण

तथ्याङ्क ऐन, २०१५ लाई नेपालको संविधान र संयुक्त राष्ट्रसंघीय सरकारी तथ्याङ्क सम्बन्धी आधारभूत सिद्धान्त (GDDS) एवं सूचना प्रविधिमा आएको क्रान्ति अनकुल समयसापेक्ष बनाई तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने उद्धेश्यले नेपाल सरकारले ल्याएको नयाँ विधेयक हो - तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक । यो विधेयक संघीय संसदसमक्ष पेश गरिएको र पछिल्लो समय राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा छलफलमा रहेको छ । यो विधेयकको प्रस्तावनामा तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समयसापेक्ष बनाई संघ, प्रदेश र स्थानीय तहको नीति निर्धारण कार्यलाई थप प्रभावकारी बनाउन तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाउन परेको लेखिएको छ ।

उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र बितरणलाई विश्वसनीय र व्यवस्थित गर्न प्रचलित कानुनमा परिमार्जन हुन आवश्यक देखिएको वाक्यांश यसको उद्धेश्यमा राखिएको छ । प्रस्तुत विधेयकमा संघीय तथ्याङ्क प्रणाली, तथ्याङ्क सङ्कलन तथा प्रकाशन, संघीय तथ्याङ्क परिषद् तथा संघीय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था गरिएको छ ।

प्रस्तुत विधेयकमा राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क संकलन तथा प्रकाशन, राष्ट्रिय तथ्याङ्क परिषद् र राष्ट्रिय तथ्याङ्क कार्यालय एवं प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था गर्ने उल्लेख छ । यो संरचनागत परिवर्तन सँगै, राष्ट्रिय गणना (National Census) मा व्यापक रुपमा कर्मचारी परिचालन गर्ने अधिकार पनि प्रबन्ध गरिएको छ । वर्तमान राष्ट्रिय योजना आयोग अन्तरगतको केन्द्रिय तथ्याङ्क विभाग भन्दा थप स्वायत्त निकायका रुपमा रुपान्तरणको अवधारणा अवलम्बन गर्न खोजिएको छ ।

३४ वटा दफामा रहेको यो नयाँ विधेयक खुला तथ्याङ्कको अभ्यास एवं तथ्याङ्क माथिको आम पहुँच सन्दर्भमा समेत महत्वपूर्ण कानुनी दस्तावेज हो । समग्र तथ्याङ्क व्यवस्थापन प्रणालीलाई सुधार गर्न आएको यो विधेयकका कतिपय प्रावधान निकै नियन्त्रणात्मक छन् । संरचनागत रुपमा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई कठोर बनाइएको छ भने अनुसन्धान, तथ्याङ्क संकलन, सर्भेक्षण र तथ्याङ्कको प्रकाशन जस्ता विषयमा पूर्व स्विकृति लिनुपर्ने अवधारणा आएका छन् । खुला तथ्याङ्कको अवधारणालाई यसले आत्मसात गर्न खोजेको छैन । यसैगरी यो कानुनलाई फौजदारी कानुन (Criminal Law) का रुपमा ल्याउन खोजिएको छ ।

प्रस्तुत विधेयकले तथ्याङ्कलाई सार्वजनिक सम्पत्तिको रुपमा परिभाषित गरेको छैन । साथै, सो विधेयकमा तथ्याङ्कको पुनः प्रयोग, पुनर्वितरण र खुला लाइसेन्सिङ प्राबधानको पनि व्यवस्था गरिएको छैन । प्रस्तावित विधेयकले तथ्याङ्क संकलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्धेश्य, कार्यक्षेत्र, तथ्याङ्कसम्बन्धी बिधि र अनुमानित लागतसहित कार्यालय समक्ष निवदन दिनुपर्ने र कार्यालयले अनुमति दिनुपर्ने प्रावधानले तथ्याङ्कीय खुलापनको सिद्धान्तलाई आत्मसात गरेको छैन । व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच स्थापना गर्ने व्यवस्था राखिएको छ जसले नागरिकको तथ्याङ्क माथिको अधिकार र पहूँच निश्चित गर्दैन । तथ्याङ्क विद्युतीय अभिलेखमा राख्नुपर्ने व्यवस्था गरिएको छ जुन सकारात्मक छ ।

तथ्याङ्क संकलन, प्रकाशन, प्रशोधन, अर्ध प्रशोधन र कोरा तथ्याङ्कको वितरण गर्दा गोपनियता कायम हुने प्रावधान राखिएको छ र तथ्याङ्कको प्रतिलिपि अधिकार कार्यालयमा रहने व्यवस्था गरिएको छ जुन तथ्याङ्कीय खुलापनको सिद्धान्त बिपरित छ । समग्रमा प्रस्तावित विधेयकका प्रावधानहरु खुला तथ्याङ्कको मर्म, मूल्य र मान्यता अनुकुल छैनन् ।

नेपालको संविधानको अनुसूची ५ को बुँदा नं.१३ मा **केन्द्रिय तथ्याङ्क** (*राष्ट्रिय र अन्तराष्ट्रिय मानक र गुणस्तर*) उल्लेख छ। यसबाट संघीय कानुनको क्षेत्र स्पष्ट हुनसक्छ । संविधानको अनुसूची ६ को बुँदा नं.६ मा **प्रदेश तथ्याङ्क** प्रदेशको अधिकार सूचीमा उल्लेख छ । यसले प्रदेश तहको तथ्याङ्क सम्बन्धी नियमनको पुरै अधिकार प्रदेश सरकारमा रहेकोछ । यसैगरी अनुसूची ८ को बुँदा नं.६ मा **स्थानीय तथ्याङ्क र अभिलेख संकलन** उल्लेख छ । यस अन्तर्गत स्थानीय सरकारलाई स्थानीय तथ्याङ्क नियमन र व्यवस्थापनको संवैधानिक अधिकार प्राप्त छ । बुँदा नं. १३ मा **स्थानीय अभिलेख** व्यवस्थापन उल्लेख छ । यस अनुसार स्थानीय अभिलेख भन्नाले तथ्याङ्क, सूचना र कागजात समेत बुझिने हुनाले यसबारे पनि थप स्पष्टता आवश्यक छ । संविधानको अनुसूचीमा उल्लेख लक्ष हासिल गर्न तथ्याङ्क सम्बन्धी एक संघीय छाता ऐन बन्नुपर्ने खाँचो छ । प्रस्तुत तथ्याङ्क विधेयकले संविधानको उपरोक्त व्यवस्थालाई विस्तृतीकरण गर्दै अधिकारहरुको क्षेत्र अनुसार नियमनको स्पष्ट कार्ययोजना र मार्गदर्शन गर्न खोजेको देखिँदैन । यो विधेयक मौजुदा केन्द्रीय तथ्याङ्क विभागको संरचनामा सामान्य फेरबदल गर्ने र मौजुदा तथ्याङ्क ऐनका केही व्यवस्थालाई संशोधन गर्ने गरी मात्र आएको छ ।

१.३) तथ्याङ्क

तथ्याङ्क भन्नाले कोरा तथ्य, कोरा तथ्याङ्क, आँकडा, सामाग्री, अभिलेख, संख्या, आवाज, फोटो, शब्द, भिडियो लगायतलाई जनाउँछ । 'तथ्याङ्क' र 'सूचना' यी दुई शब्दावली सामान्यतः पर्यायबाची रुपमा प्रयोग गरिएपनि तथ्याङ्क सूचनाको सुक्ष्म एकाई हो । तथ्याङ्कको कुनै सन्दर्भमा विश्लेषण गर्दा त्यो सूचना बन्न जान्छ

प्रस्तावित तथ्याङ्क सम्बन्धी बिधेयक, २०७६ ले तथ्याङ्कलाई आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लागत वा सूचनाको रुपमा परिभाषित गरेको छ । साथै, तथ्याङ्क भन्ने शब्दले त्यस्ता विवरण, लागत वा सूचनाको व्यवस्थित संकलन, प्रस्तुतीकरण तथा विश्लेषण गरी तयार गरिएको संख्यात्मक प्रस्तुतिलाई समेत जनाउने विधेयकले उल्लेख गरेको छ । त्यसैगरी, सूचनाको हक सम्बन्धी ऐन २०६३ ले तथ्याङ्कलाई सूचनाको परिभाषा भित्र समेटेको छ । यो ऐन अनुसार सार्वजनिक निकायमा रहेको कुनै पनि तथ्याङ्क, विवरण, दस्तावेज वा वस्तु पनि सूचना हो । चाहे त्यो निजी सरोकारको होस् वा सार्वजनिक सरोकारको ।

तथ्याङ्क समग्र विकास, राजनीति, आर्थिक, सामाजिक र वातावरणीय लगायतका बिषयलाई प्रस्तुत गर्ने विवरण हो जसले नीति, योजना र स्रोत बाँडफाँडलाई प्रभावित गर्दछ । कुनै पनि विषयमा बस्तुनिष्ठ निर्णय लिन, नबिन व्याख्या र विश्लेषण गर्न र विश्वशनियता जाँच्न तथ्याङ्कको प्रयोग हुन्छ । साथै, लक्ष्य निर्धारण गर्नेदेखि यसको परिणामको अनुगमन र मुल्यांकन गर्न पनि तथ्याङ्क अपरिहार्य हुन्छ । संयुक्त राष्ट्र सङ्घले मानवअधिकार घोषणापत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्धको धारा १९ ले सूचनाको स्वतन्त्रता तथा अधिकारलाई मानव अधिकारको आधारभूत तत्वको रूपमा परिभाषित गरेको छ। हरेक सर्वसाधारण नागरिकलाई सरकारी निकायमा रहेका हरेक सूचना तथा तथ्याङ्कमा पहुँच हुनुपर्नेमा यसले जोड दिएको छ ।

तथ्याङ्कलाई लोकतान्त्रिक समाजको लागि आवश्यक सूचना प्रणालीको एक अपरिहार्य आधारका रुपमा लिइन्छ । राज्यले आम नागरिकको सुसूचितहुने अधिकारको ग्यारेण्टी गर्न भरपर्दो र निस्पक्ष तथ्याङ्क निशुल्क उपलब्धहुने वातावरण सिर्जना गर्नु पर्दछ । साथै विश्वसनीय तथ्याङ्कको लागि तथ्याङ्क उत्पादनमा प्रयोग भएका विधिहरुको वैज्ञानिक आधार तथा नतिजाको निस्पक्ष विश्लेषण र प्रस्तुतीको लागि पनि कानुनले स्पष्ट मापदण्ड र नीतिगत दिशाबोध गर्न पर्दछ ।

केन्द्रिय तथ्याङ्क परिषद् पूरै नयाँ अवधारण त होइन, २०४५ सालमानै यो अवधारणा प्रयोगमा आएको हो । एकीकृत तथ्याङ्क प्रणाली विकास गर्ने, राज्यका तथ्याङ्कसँग सम्बन्धित निकायबीच समन्वयगर्ने र तथ्याङ्कहरुमा गुणस्तरीयता कायम गर्ने उद्देश्यले बनाइएको यो अवधारणा परिणाममुखी हुन नसकेको र केवल औपचारिक संरचनामा सीमित हुँदै आएको सन्दर्भमा नयाँ कानुनमा प्रस्तावित संरचनाले पुरानो समस्यालाई पनि सम्वोधन गर्ने र नयाँ युगको लागि आवश्यक तथ्याङ्क प्रणालीलाई दिशाबोध गर्नेगरी कामगर्ने हुनुपर्दछ ।

विद्यमान तथ्याङ्क प्रणालीबाट सार्वजनिक गरिने डाटा-तथ्याङ्क-सूचना सामाग्रीहरु अझै निशुल्क भएको छैन । केन्द्रिय तथ्याङ्क विभागले सर्भेक्षण तथा अध्ययन गरी तयार गर्ने तथ्याङ्कहरुमा पहुँच भएका कर्मचारीहरु र विभिन्न परामर्श, अनुसन्धान तथा डाटाको प्रकाशन गर्नेहरु बीच डाटाको उपयोगमा ‘आपसी सम्बन्ध’ देखिन्छ । तर, आम डाटा उपयोगकर्ताका लागि यस्तो सहज अवस्था छैन ।

विभागले उत्पादन र भण्डारण गरेका ५० प्रतिशत तथ्याङ्क निशुल्कवितरण गर्ने र ५० प्रतिशत बिक्रिगर्ने नीति अवलम्बन गरेको छ । पछिल्लो समयमा National Data Profile मार्फत वेभसाइटबाट विभिन्न डाटाहरु हेर्न-पढ्न सकिन्छ । तर ती सहजै प्रयोग गर्न सक्ने गरी डाउनलोड हुँदैनन् । नयाँ कानुनले यस सम्बन्धमा पनि स्पष्ट मार्गदर्शन गर्नसक्नु पर्ने आवश्यकता छ ।

तथ्याङ्क वितरण र सार्वजनिकीकरणको छिटो र समयबद्ध तालीकाबारेपनि कानुनी व्यवस्थाको खाँचो देखिन्छ । साथै समयबद्ध सर्वेक्षणहरु र तिनको क्षेत्र एवं विषयहरु पनि विद्यमान कानुनमा अभाव छ । केन्द्रिय तथ्याङ्क विभागमार्फत प्रत्येक १० वर्षको कृषि गणना, ५ वर्षे औद्योगिकगणना, १० वर्षे साना तथा घरेलु उद्योग-व्यापार गणना, मूल्य र उत्पादन सम्बन्धी गणना, श्रमिकशक्ति गणना, नेपाल लिभिङ्ग स्ट्याण्डर्ड गणना र विभिन्न सर्वेक्षणहरु गरिने गरेको देखिन्छ । यी कार्यहरुलाई थप संस्थागत र सवल बनाउन एवं नयाँ र आवश्यक सर्वेक्षण र अनुसन्धान गर्नुपर्ने विषयहरु बारे नयाँ कानुनले दिशाबोध गर्नु आवश्यक देखिन्छ । यस्ता कार्यमध्ये कुन-कुन काम प्रदेश र स्थानीय सरकारबाट गर्ने र यस्ता कार्यवीच कार्यगत समन्वय कसरी हुने भन्नेबारे पनि नयाँ कानुनमा सम्बोधन हुनु पर्ने आवश्यकता छ । तर

यी विषयहरुमा प्रस्तावित कानुनले आवश्यक प्रबन्ध गर्न सकेको देखिदैन ।

२) खुला तथ्याङ्क, अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास

२.१) खुला तथ्याङ्क

खुला भन्नाले कुनै पनि कुरा सार्वजनिक रूपमा उपलब्ध तथा सबैको पहुँचमा भएको भन्ने बुझिन्छ । कुनै पनि सार्वजनिक निकायमा रहेको आँकडा, तथ्य वा विवरण चासो राख्नेहरूको पहुँचमा राख्ने कार्यलाई नै साधारण भाषामा खुल्ला तथ्याङ्क भनिन्छ । खुला तथ्याङ्क प्रयोग, पुनः प्रयोग र पुनः वितरण गर्न सकिने तथ्य/तथ्याङ्क हो जसमा बढीमा मूल स्रोतलाई उपलब्ध उल्लेख गर्ने र मूल स्रोत जसरी नै वितरण हुनुपर्ने व्यवस्था हुन आवश्यक छ ।

खुला तथ्याङ्क (Open Data) भन्ने शब्दावलीले कम्प्युटर मार्फत् पहुँच प्राप्त वा परिस्कृत गर्न सकिने गरी सार्वजनिक रूपमा उपलब्ध हुने प्रारम्भिक अपरिष्कृत तथ्याङ्कलाई बुझिन्छ । तथ्याङ्क सम्प्रेषण गर्दा कुनै पनि व्यक्तिले कुनै पनि प्रयोजनका लागि आफ्नो आवश्यकता अनुसार स्वतन्त्र ढङ्गबाट तथ्याङ्कको प्रयोग, विश्लेषण तथा आदानप्रदान गर्न सक्छन् । खुल्ला तथ्याङ्क तथ्यमा आधारित सूचना हो जसको प्रयोग, विश्लेषण र पुनः प्रयोग गर्न सकिन्छ ।

सारभूत रूपमा खुल्ला तथ्याङ्क (Open Data) सूचनामा समान पहुँच र नवीनताका अवसरहरू प्रदान गर्ने बलियो साधन हो । सूचनाको सर्वसुलभ उपलब्धता र पहुँचको माध्यमबाट खुल्ला तथ्याङ्कले सरकार, अध्ययन-अनुसन्धान गर्ने नागरिक, व्यापार व्यवसाय र आम नागरिक समाजलाई सार्वजनिक चासोका विषयहरूमा सहभागी गराई उनीहरूका दैनिक क्रियाकलापमा सुधार ल्याउन तथा अझ बढी ठोस र समयसापेक्ष निर्णय गर्न सक्षम बनाउँछ ।

खुल्ला तथ्याङ्कमा हरेक व्यक्ति तथा समुदायलाई यसको लक्षित समुदायको रूपमा लिइन्छ किनकी कुनै पनि व्यक्ति वा समुदायका व्यक्तिलाई कुनै विषयको तथ्याङ्क आवश्यक पर्‍यो र त्यो उसको पहुँचमा छ भने त्यो खुल्ला तथ्याङ्क (Open Data) हो । खुल्ला तथ्याङ्कको अवधारणा विशेषतः खुला सरकारी तथ्याङ्क सार्वजनिक सूचना वा अन्य जोकोहीले पनि स्वतन्त्र रूपले पहुँचका साथै, जुनै उद्देश्यले पनि पुनः प्रयोग गर्न मिल्ने स्वरुपमा उपलब्ध हुनु हो । सन् २००९ मा विभिन्न देशहरु जस्तैः संयुक्तराज्य अमेरिका, बेलायत, क्यानाडा र न्यूजील्याण्डले आफ्ना सार्वजनिक सूचनाहरूलाई खुल्ला गर्ने नयाँ पहलहरूको घोषणा गरेसँगै खुल्ला तथ्याङ्क मूलधारमा देखा पर्न थालेको हो ।

खुल्ला तथ्याङ्कको अभ्यास अभिवृद्धि गर्नका लागि नेपाल सरकारबाट विभिन्न प्रयासहरूमध्ये महत्वपूर्ण कार्यहरुमा कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनीहरुको बारे खुल्ला तथ्याङ्कको अभ्यास र अर्थ मन्त्रालयले विदेशी सहयोग व्यवस्थापन प्लेटफर्म (एएमपी) स्थापना गरी खुल्ला तथ्याङ्कको राम्रो अभ्यास गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको सार्वजनिक खरिद सूचना पोर्टल र हाम्रो पुलिस मोबाइल एप लगायत विभिन्न माध्यम पनि अनुकरणीय रहेका छन् । खुल्ला तथ्याङ्कका लागि केन्द्रीय रुपमा रहेका अन्य केही पहलहरूमा 'स्मार्ट हेल्थ इनिसिएटिभ', '२०१५, अर्थक्वेक : ओपन डाटा पोर्टल', 'एसडीजी डाटा पोर्टल', 'पब्लिक प्रोक्युर्मेन्ट ट्रान्सपेरेन्सी इनिसिएटिभ', 'पोष्ट अर्थक्वेक पोर्टल अफ नेपाल्स एड म्यानेजमेन्ट इन्फरमेसन सेन्टर', 'इन्टरएक्टिभ जियोग्राफिकल इन्फरमेसन सिस्टम (जीआईएस) पोर्टल', 'नेपाल डिसएबिलिटी डाटा पोर्टल' र 'कम्पनी रजिस्टार अफिस इनिसिएटिभ' आदि 'नेसनल इमरजेन्सी अपरेसन्स सेन्टर', 'डिपार्टमेन्ट अफ हाइड्रोलोजीज फ्लड फोरकास्टिङ प्रोजेक्ट' पनि पर्दछन् ।

२.२) खुला तथ्याङ्क सम्बन्धी अन्तर्राष्ट्रिय वडापत्र (International Open Data Charter)

खुला तथ्याङ्कको सम्बन्धको प्रवर्द्धनमा संलग्न सरकार, अन्तर्राष्ट्रिय संस्थाहरु, नागरिक समाजका संस्था, निजीक्षेत्र र प्राविधिकहरुको अन्तराष्ट्रिय पहलमा यस सम्बन्धी अन्तराष्ट्रिय वडापत्र नै जारी भएको छ । सन् २०१५ को सेप्टेम्बरमा जारी भएको यो वडापत्रका अनुसार- 'खुला तथ्याङ्क विद्युतीय तथ्याङ्क हो र यसको स्वतन्त्र प्रयोग, पुनप्रयोग र पुनर्बितरणका लागि आवश्यक प्राबिधिक र कानुनि बिशेषता सहित उपलब्ध हुन्छ । खुला तथ्याङ्कले सरकार, नागरिक, नागरिक संस्था र निजि क्षेत्रका संस्थाहरुलाई ससुचित निर्णय निर्धारण गर्न बल पुर्‍याउँछ । तथ्याङ्कमा प्रभावकारी र समयबद्ध पहुँचले व्यक्ति र संस्थाहरुलाई नबिन अवधारणा र ज्ञान प्रदान गरी सामाजिक र आर्थिक लाभ सिर्जना गर्न र सर्वसाधारण नागरिकको जीवनस्तर सुधार गर्न सहयोग गर्छ । त्यस्तै,

खुला तथ्याङ्कले सरकार, नागरिक र नागरिक संस्था तथा निजी क्षेत्रका संस्थाहरुलाई स्वास्थ्य, शिक्षा, सार्वजनिक सुरक्षा, पर्यावरणीय संरक्षण, मानव अधिकार र प्राकृतिक प्रकोप लगायतका सार्वजनिक सेवाका क्षेत्रमा उपयुक्त प्रतिफल प्राप्त गर्ने तर्फ सबल गर्छ। साथै, खुला तथ्याङ्कले नयाँ बजार, व्यबसाय र रोजगारीका अवसर सिर्जनामा मद्दत गरी समावेशी आर्थिक विकासमा पनि योगदान पुऱ्याउँछ।'

खुला तथ्याङ्कले प्रयोगकर्तालाई विभिन्न तथ्याङ्क बीच तुलना, समायोजन र मिश्रणको अवसर प्रदान गरी प्रवृतिहरु प्रस्तुत गर्न, सामाजिक र आर्थिक चुनौती तथा असमानताहरु पहिचान गर्न र सार्वजनिक कार्यक्रम र सेवाको क्षेत्रमा भएको प्रगति मापन गर्न सहयोगी वातावरण तयार गर्छ ।

सो चार्टर भन्दछ- 'खुला तथ्याङ्कले सरकारी निकाय भित्र र एक आपसमा हुने सुचनाको प्रवाह सुधार गर्न मद्धत गर्छ र सरकारी निर्णय र प्रक्रियालाई थप पारदर्शी बनाउछ । पारदर्शितामा हुने बढोत्तरीले जवाफदेहिता र सुशाशन प्रवर्धन गर्छ र सार्वजनिक बहस अभिवृद्धि गर्न टेवा पुऱ्याउँछ।' खुला तथ्याङ्क सम्बन्धी अन्तर्राष्ट्रिय वडापत्रले सरकार र अन्य सार्वजनिक क्षेत्रलाई प्रतिनिधित्व गर्ने संस्थाहरुसंग नागरिक चासोको प्रशस्त तथ्याङ्क रहने गर्दछ। जुन, धेरैजसो अवस्थामा प्रयोग बिहिन रहन्छ । यस्ता सरकारी एवं सार्वजनिक तथ्याङ्कको खुलापनले नागरिकको आवश्यकता राम्रोसंग परिपूर्ति गर्न सक्ने थप अन्तरसम्बन्धित समाज निर्माण गर्न, नवप्रवर्तन, न्याय, पारदर्शिता र सम्बृद्धि प्रवर्द्धन गर्न र सार्वजनिक निर्णय तथा जवाफदेहिताको प्रक्रियामा नागरिक सहभागिता सूनिश्चित गर्न सहयोग गर्दछ ।

खुला तथ्याङ्क वडापत्रले तथ्याङ्कमा पहुँच र यसको सार्वजनिकीकरण र प्रयोगको आधारशिला तयार गर्न विभिन्न छ वटा सिद्धान्त अघि सरेको छ। यी सिद्धान्त अनुसार तथ्याङ्क प्रणालिगत रुपमा खुला हुनुपर्छ। पहुँचयोग्य र प्रयोग योग्य हुनुपर्छ। तुलना योग्य र **आम पहुँचमा** हुनुपर्छ। सुशासन सुधार र नागरिक संलग्नता सहज बनाउने तथा समावेशी विकास र नवप्रवर्तनका लागि हुनुपर्छ ।

सो वडापत्र अनुसार सरकारी तथ्याङ्क भित्र राष्ट्रिय, क्षेत्रीय, स्थानीय र पालिका सरकारहरु, अन्तर्राष्ट्रिय सरकारी निकायहरु र बृहत्तर सार्वजनिक क्षेत्रसंग सम्बन्धित विभिन्न संस्थाहरुमा रहने तथ्याङ्क पर्दछन् । तर सरकारी तथ्याङ्क यहि सीमाभित्र मात्र हुन्छ भन्ने छैन। यसले बाह्य निकायले सरकारका लागि निर्माण गर्ने तथ्याङ्क र बाह्य निकायसंग रहेको तर जनसरोकार र चासोको तथ्याङ्क तथा सरकारी कार्यक्रम र सेवासंग सम्बन्धित तथ्याङ्कलाई पनि सरकारी तथ्याङ्कक अर्न्तगत राखेको छ।

अन्तर्राष्ट्रिय वडापत्र अनुसार खुला तथ्याङ्कले व्यक्तिको गोपनियताको अधिकारमा हस्तक्षेप गर्दैन । व्यक्तिको गोपनियतामा खलल पुग्ने गरी तथ्याङ्क खुल्नु हुदैन भन्ने मान्यता राखिएको छ। तर, नागरिकसंग अफ्नो व्यक्तिगत तथ्याङ्क संकलन र प्रयोग वा सरकार र सम्बन्धित निकायसंगको अन्तरक्रियामा सिर्जना हुने तथ्याङ्क माथि प्रभाव राख्ने अधिकार सुरक्षित रहन्छ। अपवाद र सीमालाई मध्यनजर गरी सबै सरकारी तथ्याङ्क पद्धतिगत रुपमा खुला रहने सुनिश्चित गर्न नीति र अभ्यास विकास एवं अवलम्बन गर्ने, निश्चित तथ्याङ्क खुला गर्न नसकिने अवस्थामा कारणसहितको स्पष्ट टिप्पणी प्रदान गर्ने, विधायिकी र नीतिगत तवरमा मात्र नभई तालिम, जनचेतना, निर्देशिका निर्माण र संचार रणनीति मार्फत सरकार, नागरिक समाज र निजि क्षेत्रलाई पनि खुला तथ्याङ्कको लाभको बोध गराउनु पर्ने बिषयमा पनि वडापत्रले जोड दिएको छ । सरकारी तथ्याङ्कीय कार्यालय सहित विभिन्न सरकारी बिभाग र निकायमा खुलापनको संस्कृती प्रवर्द्धन गर्न आवश्यक नेतृत्व, व्यवस्थापन, निगरानी संस्था, कार्यमूलक उत्प्रेरणा र अन्तरिक संचार नीति निर्माणमा जोड दिन पनि वडापत्रमा उल्लेख गरिएको छ। बिशेषगरी, खुला तथ्याङ्क सम्बन्धी कानुन र नीति निर्माण गर्दा राष्ट्रिय सुरक्षा, व्यक्तिगत गोपनियता र बौद्धिक सम्पतिको बिषय जस्ता सम्बेदनशील बिषयमा आन्तरिक कानुन एबम् अन्तर्राष्ट्रिय मान्यता र मापदण्डको हेक्का राख्नुपर्ने पनि उल्लेख गरिएको छ।

२.३) तथ्याङ्क कानुनको आधुनिकीकरणमा अवलम्बन गरिएका केही अनुकरणीय अभ्यासहरु

संयुक्त राष्ट्रसंघले सन् २०१४ जनवरीमा अवलम्बन गरेको संकल्प प्रस्तावमा सरकारी तथ्याङ्क सम्बन्धी १० बुँदे आधारभूत सिद्धान्तको व्याख्या गरिएको छ ।

यस दस्ताबेजले अवलम्बन गरेको सान्दर्भिकता, तटस्थता र समान पहुँचको सिद्धान्त अनुसार सरकार, अर्थ जगत

र सर्वसाधारणलाई आर्थिक, जनसांख्यिक, सामाजिक र वातावरणीय अवस्था सम्बन्धी तथ्याङ्क सेवा उपलब्ध गराउने सरकारी तथ्याङ्क लोकतान्त्रिक समाजमा अपरिहार्य सूचना प्रणालीको अभिन्न अंगको रुपमा रहन्छ भनेको छ । यसै सन्दर्भमा नागरिकको सार्वजनिक सूचना प्राप्त गर्ने अधिकारको सम्मान गर्दै तथ्याङ्कको व्यावहारिक उपभोगको परिक्षणलाई समेत ध्यान दिई विभिन्न सरकारी तथ्याङ्कीय निकायहरुको तथ्याङ्क संकलन गर्ने र बिना विभेद उपलब्ध गराउनु पर्ने व्यवस्था हुनुपर्ने सो सिद्धान्तले जोड दिएको छ ।

सरकारी तथ्याङ्क सम्बन्धी सो संयुक्त राष्ट्रसंघीय सिद्धान्तमा भनिएको छ - 'राष्ट्रिय तथ्याङ्क तटस्थता, वस्तुनिष्ठता, व्यावसायिक स्वतन्त्रता, सान्दर्भिकता, तथ्याङ्कीय विश्वशनीयता र पारदर्शिताको सिद्धान्त अनुसार कार्यान्वयन गरिने छ । बैज्ञानिक रुपमा स्वीकार गरिएको र व्यावसायिक रुपमा उपयुक्त बिधिको प्रयोग गरि तथ्याङ्क प्राप्ति र पेश गर्नुपर्ने छ ।

त्यसैगरी, तथ्याङ्कको दुरुपयोग तथा गलत व्याख्या भएमा तथ्याङ्कीय निकायले त्यसमा टिप्पणी गर्ने अधिकार राख्दछन् । र, तथ्याङ्कीय कार्यक्रमहरु कार्यान्वयन गर्न व्यवसायीक रुपमा गरिने स्वतन्त्र क्रियाकलाप नै राष्ट्रिय तथ्याङ्क प्रणाली हो भनी सो सिद्धान्तमा व्याख्या गरिएको छ ।

वेलायतको तथ्याङ्क तथा पञ्जीकरण सेवा ऐन २००७ ले सार्वजनिक मामिलालाई सहयोग पुग्ने गरी सरकारी तथ्यांकको उत्पादन र प्रकाशनको प्रवन्ध र संरक्षण गर्ने कानुनी जिम्मेवारी सहितको तथ्याङ्क बोर्डको व्यवस्था गरेको छ। सरकारी तथ्याङ्कीय कार्यहरुमा तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन तथा बिभाग र निकायका कामहरुमा तथ्याङ्कीय सहयोग साथै मन्त्रलयका नीतिगत कामहरुमा सहयोग पुग्ने लगायतका विषयहरु राखिएका छन् । बोर्डको मुख्य उद्धेश्यमा सार्वजनिक मामिलालाई सहयोग पुग्ने सरकारी तथ्याङ्कको गुणस्तरीयता प्रवर्द्धन र संरक्षण गर्ने बृहत्तर पक्ष र सामाजिक तथा आर्थिक बिषयमा सर्वसाधारणलाई जानकारी गराउने र सार्वजनिक नीतिहरुको विकास र मूल्यांकनमा सहयोग गर्ने रहेका छन् । सरकारी तथ्याङ्कको व्यापकता सम्बन्धमा असल अभ्यासहरु प्रवर्द्धन र प्रचलन गर्ने उद्धेश्य पनि वेलायतको तथ्याङ्क ऐनमा राखिएको छ ।

जापानको नयाँ तथ्याङ्क ऐन २००७ मा खुला तथ्याङ्क रणनीतिहरु समावेश गरिएको छ । यो सिद्धान्तको पृष्ठभूमि पनि संयुक्त राष्ट्रसंघको सरकारी तथ्याङ्क सम्बन्धि आधारभूत सिद्धान्तमा आधारित छ। सो ऐनले अवलम्बन गरेका मौलिक सिद्धान्तहरु हुन् - आधिकारिक तथ्यांकको उत्पादन पद्दति अनुरुप आपसी सहयोग र संयोजनमा हुनुपर्छ, उपयुक्त र युक्तिसंगत बिधि अवलम्बन गरिनुपर्छ, सरकारी तथ्यांकहरु सर्वसाधारणलाई व्यापक रुपमा उपलब्ध गराईनुपर्छ जसले गर्दा तथ्याङ्क माथि उनीहरुको सहज पहुँच र प्रयोग स्थापित हुन सकोस, व्यक्ति वा न्यायालय वा आधिकारिक तथ्याङ्क उत्पादन गर्ने अन्य संस्था सम्बन्धी विश्वसनीय मामिलाको संरक्षण गरिनुपर्दछ। उत्पादित आधारभूत तथ्याङ्कको इन्टरनेट वा अन्य उपयुक्त माध्यमबाट यथाशिघ्र प्रकाशन गरिनुपर्ने, प्रकाशनको मिति र बिधि तोकिनुपर्ने एवं नागरिकको सहज पहुँचका लागि पद्धतिगत रुपमा दिर्घकालिन हुने तरिकाबाट मौलिक तथ्यांकको संरक्षण गरिनुपर्दछ ।

यस सन्दर्भमा **स्लोभेनियाको** तथ्याङ्क ऐनका असल प्रावधानहरु पनि अनुकरणीय देखिन्छन् । ऐनले राष्ट्रिय तथ्याङ्कले आर्थिक, जनसांख्यिक, सामाजिक तथा वातावरण र प्राकृतिक लगायत श्रोतका अवस्था र प्रवृतिहरु सम्बन्धी तथ्य-तथ्याङ्क अधिकारीहरु र जनाप्रशासन् तथा आर्थिक मामिला सम्बन्धी संस्था-संगठन र सर्वसाधारण (प्रयोगकर्ता) उपलब्ध गराउनु पर्नेमा जोड दिन्छ ।

राष्ट्रिय तथ्याङ्क ऐनले स्लोभेनिया गणतन्त्रको तथ्याङ्क वितरण र बिनिमय सम्बन्धी अन्तर्राष्ट्रिय दायित्व पुरा गर्नुपर्ने व्यवस्था गरिएको छ भनेर दावी गरेको छ ।

३) तथ्याङ्कीय सन्दर्भमा सूचनाको हक, गोपनियताको हक, राष्ट्रिय सुरक्षा र प्रतिलिपी अधिकार

३.१) सूचनाको हक र खुला तथ्याङ्क

नेपालको संविधानको धारा २७ मा हरेक नेपाली नागरिकलाई सूचनाको हक हुनेछ भनि मौलिक हकको प्रवन्ध छ। खुल्ला तथ्याङ्कको उपलब्धताले सूचनाको हकलाई सुदृढ गर्दछ । सूचनाको हक (Right to Information) र खुल्ला तथ्याङ्क (Open Data) दुवैको आधारभूत लक्ष्य वा चाहना भनेको सार्वजनिक

निकायहरूमा रहेका सूचनामा सर्वसाधारण नागरिकको पहुँचलाई अभिवृद्धि गरी पारदर्शिता र जवाफदेहीतालाई प्रवर्द्धन गर्नु र सार्वजनिक जीवनका विविध सवाललाई अधिकतम खुल्लापन विकास गर्न सहजीकरण गर्नु हो । सार्वजनिक निकायहरूमा रहेका सम्पूर्ण विवरण र तथ्याङ्क नागरिककै करबाट निर्माण भएका हुन् र ती नागरिकहरूको लागि सहज र सरल रूपमा प्राप्त गर्न सकिने गरी खुल्लापनमा वृद्धि गरिनु पर्दछ ।

सूचनाको हक सार्वजनिक निकायमा रहेका सूचनाहरूमा नागरिकको पहुँच बढाउने अधिकार हो । यस अधिकारलाई दुई किसिमले अभ्यास गर्न सकिन्छ । पहिलो, सार्वजनिक निकायहरूले नै आफ्ना महत्वपूर्ण सूचनाहरू स्वःस्फूर्त रूपमा निश्चित समयावधिमा सार्वजनिक गर्ने । खुल्ला तथ्याङ्कको सैद्धान्तिक मान्यता यसै स्वःस्फूर्त सार्वजनिक गरिने सूचनासँग जोडिएको छ। दोस्रो भनेको नागरिकले आफूलाई आवश्यक परेको सूचना निवेदन दिएर माग गर्ने र त्यस्तो सूचना सार्वजनिक निकायहरूले निशल्क र सहज उपलब्ध गराउने हो।

सूचनाको हक सम्बन्धि ऐनको दफा ३ (३) मा केही अपवादको अवधारणा उल्लेख छ । जस अनुसार राष्ट्रिय सुरक्षामा गम्भिर खलल पार्ने, अपराधको अनुसन्धान, तहकीकात र अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक र मौद्रिकहित एवं बौद्धिक सम्पति र व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने, सामाजिक सुरक्षामा प्रत्यक्ष खलल पार्ने र व्यक्तिगत गोपनियतामा खतरा पुऱ्याउने खास कुनै सूचना- तथ्याङ्कलाई वर्गिकरण प्रकृयाबाट सुरक्षित राख्नुपर्ने र सो वर्गिकरण प्रकृया पनि सोही ऐनको दफा २७ मा विस्तृत रुपमा उल्लेख छ । साथै सूचनाको हकले व्यक्तिलाई आफू सम्बद्ध डाटा, विवरण आदि सूचना सच्याउन पाउने प्रबन्धपनि दफा ३५ मा गरेको छ । तथ्याङ्क सम्बन्धी नियमनमा यो मान्यता अवलम्बन गरेर सूचनाको मौलिक हकको परिपूर्ति गर्ने राज्य कर्तव्य सूनिश्चित गरिनु पर्दछ । सूचनाको हकमा नै खुला तथ्याङ्कको अवधारणा पनि समेटिन्छ र सो मान्यता बमोजिम नै उपलब्धता र पहुँचको सिद्धान्त कायम गर्नु आवश्यक हुन्छ । त्यसबाहेक सबै सूचना नागरिकको सहज पहूँचमा हुनुपर्ने सुनिश्चितता सो ऐनले गरेको छ । जसमा सूचनाको स्वरुप सकेसम्म खुला रुपमा रहनुपर्ने हुन्छ ।

३.२) गोपनियताको हक र तथ्याङ्क नियमन

नेपालको संविधानको धारा २८ मा गोपनियताको हक सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ। सो कार्यान्वयन गर्न वैयक्तिक गोपनियता सम्बन्धी ऐन बनेको छ । प्रत्येक व्यक्तिको जीउ, आवास,सम्पत्ती, लिखत तथ्याङ्क पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनियताको हक संरक्षण गर्ने, सार्वजनिक संस्थाहरुमा रहेका वैयक्तिक सूचना संरक्षण गर्ने र सुरक्षित उपयोग गर्ने उद्देश्यका लागि वैयक्तिक गोपनियता सम्बन्धी ऐन २०७५ तर्जुमा भएको छ ।

यस ऐनमा तथ्याङ्क, सूचना र लिखतलाई समेत समेटेकोले तथ्याङ्क सम्बन्धी कानुन तर्जुमा हुँदा मौलिक हकसँग सम्बन्धित यस ऐनको व्यवस्था र मर्मलाई उपेक्षा गर्न सकिदैन ।

वैयक्तिक गोपनियता सम्बन्धी तथ्याङ्क वा सूचनाहरु माथिको संरक्षणको मूल दायित्व सार्वजनिक निकायहरु माथि नै हुन्छ । राज्यका निकायबाट सार्वभौम नागरिकको निजत्व माथि अतिक्रमणको खतरा ज्यादा हुने हुनाले नागरिकका सूचनाको संरक्षणको प्रबन्ध गर्ने उद्देश्यले वैयक्तिक गोपनियता सम्बन्धी कानुन प्रचलनमा आएको हो । तथ्याङ्क नियमनकारी संरचनाहरुको कार्यसम्पादनसँग यो विषय सिधै जोडिन्छ ।

वैयक्तिक गोपनियताको हक र राष्ट्रिय तथ्याङ्क प्रणाली अन्तरसम्बन्धीत छन । राज्यका विभिन्न निकायले होस् वा अन्य निकाय वा व्यक्तिले व्यक्तिका गोपनियतासँग सम्बन्धित तथ्याङ्क संकलन, भण्डारण र प्रवाह वा प्रयोगका सन्दर्भमा यस ऐनको व्यवस्थालाई उल्लंघन गर्न मिल्दैन । तसर्थ तथ्याङ्क ऐन व्यक्तिगत गोपनियता सम्बन्धी ऐनका व्यवस्थाहरु अनुकुल बन्नु पर्दछ । व्यक्तिगत गोपनियताको संरक्षण गर्नु तथ्याङ्क प्रणालीको पनि कर्तव्य हुन्छ ।

खासगरी व्यक्तिका निजी/गोपनिय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क संकलन र सार्वजनिकीकरणमा सम्बन्धित व्यक्तिको मञ्जुरी लिइनु पर्ने सिद्धान्तव्यक्तिगत गोपनियता सम्बन्धी ऐनले अवलम्बन गरेको छ । सो ऐनको दफा १२(४) यस सम्बन्धमा मननीय छ । यसैगरी दफा १९ मा विधुतीय माध्यममा रहेका वैयक्तिक तथ्याङ्क हरुको संरक्षण, दफा २३ अनुसार तथ्याङ्क संकलन, दफा २७ को उपदफा २ मा उल्लेखित संवेदनशील सूचना प्रशोधन सम्बन्धी विषय र

दफा २८ मा रहेको व्यक्तिगत सूचना सच्चाउन सकिने सम्बन्धी प्रावधानहरुलाई तथ्याङ्क विधेयकसँग तादात्म्यता मिलाउनु प्रासंगिक देखिन्छ ।

३.३) राष्ट्रिय सुरक्षा र तथ्याङ्क नियमन

सार्वजनिक हुँदा राष्ट्रको सार्वभौमिकता र अखण्डता अनी राज्यको हितमा खलल पार्ने तथ्याङ्क र सूचनाहरु संरक्षण गरेर राख्ने प्रक्रिया नै "स्टेट सेक्रेसी" हो। राज्यको गोपनियताको हक हुँदैन । तर राष्ट्र र जनताको अहित नहोस भनी कोही विषयका तथ्याङ्क/सूचनालाई राज्यले खुला नगरी सुरक्षा गरेर राख्ने र तीनको जोखिम कम भएपछि सार्वजनिक गर्दै लाने नीति राज्यले लिनु पर्छ। यही मान्यतालाई संस्थागत गर्न सूचनाको हक सम्बन्धी ऐनको दफा ३(३) मा यसबारेका प्रावधानहरु राखिएका छन् ।

राष्ट्रहित, राजद्रोह र सार्वजनिक शान्ति-व्यवस्थाका गम्भीर क्षेत्रहरु के-के हुन् र तीसँग सम्बन्धित तथ्याङ्क र सूचना के-के हुनसक्छ भन्ने कुराका लागि नियमन गर्न मुलुकी अपराध (संहित) ऐन-२०७४ले विभिन्न प्रावधानहरु गरेको छ । सो ऐनको दफा ४९ मा सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल गर्ने विषय, दफा ५०(३) मा राजद्रोह मानिने सूचना/जानकारीबारेको विषय, यसैगरी दफा ५१ मा राष्ट्रहित प्रतिकूलका काम सम्बन्धी विषयबारे उल्लेख छ । यस्तै, सोही ऐनको दफा ५६ मा जासुसी सम्बन्धी विषय, दफा ६५ मा सामाजिक सुसम्बन्धमा असर गर्ने विषय, दफा ७० मा झुठा अफवाह सम्बन्धी विषय उल्लेख छन्। यी व्यवस्थाहरुमा के कस्ता तथ्याङ्कहरु यस्ता कसूरसँग सम्बन्धित हुनसक्छन भन्ने स्पष्ट छ । तसर्थ राष्ट्रहीत र सामाजिक सुरक्षाका सर्न्दभमा तथ्याङ्क विधेयकमा छुट्टै प्रावधानहरु उल्लेख गरीरहनु आवश्यक पर्दैन। यी विषयबारे विधेयकमा कुनै प्रबन्ध प्रस्ताव गर्ने नै हो भने मुलुकी अपराध संहिताका माथि उल्लेखित प्रावधानहरुसँग नबाझिने गरी गरिनु आवश्यक देखिन्छ ।

३.४) तथ्याङ्क र प्रतिलिपी अधिकार

कुनै नागरिक वा कम्पनीको वौद्धिक सम्पत्ती संरक्षण गर्न प्रतिलिपी अधिकार सम्बन्धी कानुनी व्यवस्था गर्ने प्रचलन छ। खासगरी लेखक वा र्सिजनाकार तथा तीनको व्यवसायिकरण गर्ने कम्पनीहरुको हित रक्षाको लागि यस्तो अधिकार दिइन्छ। सिद्धान्तः देश वा राज्यको त्यस्तो व्यवसायिक हितको विषय हुँदैनन । राज्यका श्रोत र साधनहरु देशका सबै नागरिकको स्वामित्व लाग्ने साझा श्रोत वा सम्पत्ती मानिन्छ। र, त्यसमा "वौद्धिक सम्पत्ती" रक्षाको सन्दर्भ जोड्न मिल्दैन ।

नेपालमा पनि प्रतिलिपी संरक्षण सम्बन्धी ऐन २०५९ मा जारी भएको हो । यस कानुनले सरकारी सार्वजनिक निकायका तथ्याङ्क वा दस्तावेज वा कुनै र्सिजनालाई संरक्षणको दायरामा राखेको छैन । यो मूलतः र्सिजनात्मक सम्पत्तीको संरक्षण र त्यसको व्यवसायिक स्वार्थ रक्षाका लागि आर्थिक हितको संरक्षण गर्ने कानुन हो। यस ऐनको दफा ३ र ४ ले कस्तो सिर्जनामा प्रतिलिपी अधिकार हुने र कस्तोमा नहुने भन्ने स्पष्ट व्यवस्था गरेको छ। यस अनुसार तथ्याङ्क प्रणालीमा समेटिने तथ्याङ्कहरुमा प्रतिलिपी अधिकार रहँदैन ।

तसर्थ, तथ्याङ्क विधेयकमा सम्पूर्ण तथ्याङ्कमा प्रतिलिपीको सिद्धान्त ख्याल गरेको देखिदैन। खुला तथ्याङ्कको सिद्धान्तले प्रतिलिपी अधिकारलाई अस्वीकार नै गर्दछ । राष्ट्रिय निकायहरुको तथ्याङ्कहरुमा लाइसेन्स र प्रतिलिपी अधिकार जस्ता विषयहरु खुला सरकारको मान्यता अनुकुल गरिनु पर्दछ । त्यस्ता तथ्याङ्कहरु प्रयोग र पुनप्रयोगको लागि खुला स्वरुपमा भण्डार गरिनु र खुला पहुँचको प्रबन्ध गर्नु नै वास्तवमा खुला सरकारको अवधारणा हो । कतिपय देशले अनुसन्धान र अध्ययन प्रयोजनका लागि तथ्याङ्कलाई पूर्ण रुपमा खुला गर्ने र पुर्नउत्पादन र पुनप्रयोगका सन्दर्भमा भने केही शर्तहरु राख्ने गरेको पाइन्छ। *जस्तै संयुक्त राज्य बेलायतको तथ्याङ्क प्रणाली*।

उपरोक्त विश्लेषणका आधारमा संसदको माथिल्लो सदन राष्ट्रिय सभाको विधायन समितिमा छलफलमा रहेको तथ्याङ्क विधेयकमा गरिनुपर्ने दफावार र संशोधन र थप गरिनुपर्ने अर्थ विषयहरु सुझावका रुपमा तल प्रस्तुत गरिएको छ।

४) विधेयकमा संशोधन गरिनु पर्ने दफावार सुझावहरु :

तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयकमा निम्न अनुसार दफावार सुधारको सुझाव प्रस्तुत गरिएको छ -

क) परिभाषा खण्डः

१. (ङ) मा तथ्याङ्क भन्नाले -भन्नेमा **कोरा तथ्य, कोरा तथ्याङ्क, आँकडा** शब्दहरु पनि थप गर्ने ।

२) (ञ) मा विद्युतीय अभिलेखमा **तथ्य, कोरा तथ्याङ्क, आँकडा** शब्दहरु थप गर्ने ।

ख) राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापन सम्बन्धीः

१) दफा ३ को उपदफा (३) लाई विस्तृतिकरण गर्ने ।

ग) दफा ४-तथ्याङ्क संङ्कलन गर्ने व्यवस्थाः

उपदफा थपेर **"व्यक्तिगत गोपनीयता"** सम्बन्धी तथ्याङ्क सम्बन्धित व्यक्तिको सहमतिमा मात्र सङ्कलन गर्न सकिने सुनिश्चितता हुनुपर्छ ।

घ) दफा ७, अनुमति सम्बन्धी व्यवस्थाः

१) यो दफा नियन्त्रणकारी छ । यसले तथ्याङ्क संकलन र प्रवाहलाई सरकारको मात्र कामको रुपमा सीमित गर्न खोजेको छ । तथ्याङ्क संकलन र प्रकाशन कार्यलाई **"लाइसेन्स"** प्रणालीमा आवद्ध गरिनु हुँदैन । तसर्थ, यस दफालाई व्यापक परिवर्तन गरिनु पर्छ ।

२) दफा ७ को उपदफा (२) को दोस्रो लाइनमा आफ्नो प्रयोजनको लागि भन्ने शब्दको अगाडि **"सार्वजनिक प्रयोजन"** शब्दावली थप गर्ने ।

३) दफा ७ को उपदफा ३-पुरै हटाउनुपर्छ ।
कुनैपनि अनुसन्धान वा सर्वेक्षणको तथ्याङ्क प्रकाशनले खाली यथार्थ तथ्य र सत्यको प्रकाश हुने हो । तसर्थ, सो को प्रकाशनमा नियन्त्रण गर्दा **"सत्य वा यर्थाथ"** लाई निषेध गरेको हुन्छ । यसबाट स्वतन्त्र प्राज्ञिक अभ्यासलाई कुण्ठित बनाउँछ । तथ्य र सत्यमा आधारित विचार प्रवाहलाई पनि कुण्ठित पार्दछ । यो उपदफा संविधान प्रदत्त अभिव्यक्ति र विचारको स्वतन्त्रता, संचारको हक र सूचनाको हक प्रतिकूल पनि छ । तसर्थ, यो उपदफा हटाउनु पर्दछ ।

४) दफा ७ को उपदफा (७) पनि खुला तथ्याङ्कको मान्यता र सिद्धान्त प्रतिकूल छ । तथ्याङ्कहरु खुला रहनुपर्ने र प्रयोगकर्ताले पुनः प्रयोग गरी अनेक सिर्जनात्मक सन्दर्भमा प्रयोग गर्नसक्ने तथा *डाटा साइन्स र सूचना प्रविधिको इनोभेसनलाई* यसले निषेध गर्छ । तसर्थ, यस उपदफामा, संकलित तथ्याङ्कहरु मेसिन रिडेवल फरम्याटमा र पुनः प्रयोग गर्न सकिने स्वरुपमा रहने सुनिश्चितता साथको व्यवस्था हुनुपर्छ ।

५) दफा ७ को उपदफा (८) निकै बहुअर्थि र व्यापक दायरा समेटिएको छ । तथ्याङ्क संकलन नै गर्न निषेधका प्रस्तावहरु छन् ।यी पाँचवटा निषेधात्मक प्रावधानहरु हुने हो भने कुनै पनि स्वतन्त्र निकाय, संस्था, अनुसन्धानकर्ता र व्यक्तिले अनुसन्धान र तथ्याङ्क संकलन प्रशोधन र प्रवाहको कार्य गर्न नसक्ने अवस्था आउँछ ।
तथ्याङ्क आफैंले कुनै विषयलाई स्वतः प्रतिकूल असर पर्दैन । त्यो त प्रमाण मात्र हो । ती तथ्याङ्कको विश्लेषण गरी कुनै समाचार वा विचार बनाइएको छ र सो को प्रवाहबाट मूलुकको सार्वभौमिकतामा तत्काल र गम्भीर प्रतिकूल असर पार्ने भएमा सो को नियमन गर्न फौजदारी संहिता छदैछ । त्यसैले तथ्याङ्क कानुनमा यस्ता निषेधात्मक प्रावधान रहनु आवश्यक नै छैन । तसर्थ, यस उपदफाको (क) (ख) र (ङ) हटाउनु पर्छ ।

६) उपदफा ८ (ग) र (घ) पनि त्यती सार्न्दभिक छैनन । हटाउनु पर्छ ।

(ङ) दफा ९ लाई *"व्यक्तिगत गोपनियताको हक सम्बन्धी ऐन -२०७६"* बमोजिम अनूकूल गरिनु पर्छ । साथै युरोपियन युनियनको GDPR को स्पिरिटसँग तादात्म्यता मिलाउनु उपर्युक्त हुन्छ ।

(च) दफा १२ को उपदफा ३ ले प्रदेश र स्थानीय सरकारको स्वायत्तता निषेध गर्छ । दोहोरोपन र खर्च व्यवस्थापनका दृष्टिमा यस दफालाई सकारात्मक रुपमा देखाई पनि यसले यसले संवैधानिक रुपमा स्वायत्त रहने प्रदेश र स्थानीय सरकारको अधिकारलाई कुण्ठित गर्छ । यसले सरकारहरु बीचको सकारात्मक प्रतिस्पर्धालाई पनि निरुत्साहित गर्दछ । तथ्याङ्क संकलन, प्रशोधन, वितरण, अभिलेख र नागरिक पहुँच जस्ता मुख्य विषयमा सैद्धान्तिक मार्ग दर्शन दिने व्यवस्थाहरु स्पष्ट गरिनु उपयुक्त हुन्छ ।

(छ) दफा १३ को विधुतीय अभिलेखको प्रयोग सम्बन्धी व्यवस्था थप उदार बनाउनु पर्दछ । विद्युतीय अभिलेखमा राख्दा खुला तथ्याङ्कका मान्यताहरुलाई अवलम्बन गरिनु पर्दछ ।

(ज) दफा १४ मा तथ्याङ्कमा पहुँच सम्बन्धी व्यवस्था:

१) **उपदफा (१)** लाई थप स्पष्ट पारिनु आवश्यक छ । जस्तो की व्यक्तिगत तथ्याङ्कमा सम्बन्धीत व्यक्तिको पहुँचलाई सुनिश्चित गर्ने कार्यविधि पनि यस दफामा स्पष्ट हुनुपर्छ । राष्ट्रिय तथ्याङ्क प्रणालीमा रहेका आफ्ना व्यक्तिगत सूचना (तथ्याङ्क) मा सम्बन्धित व्यक्तिले पहुँच पाउने र त्यस्तो तथ्याङ्क सच्याउन पाउने अवसर पनि कानुनले निर्दिष्ट गरिनु पर्दछ ।

२) दफा १४ को **उपदफा (२)** हटाउनुपर्छ । आम जनताको विवरणहरु रहेका राष्ट्रको सूचनाको भण्डार आमजनताको साझा सम्पत्ति हो । यसमा प्रतिलिपी अधिकार रहनु हुँदैन । यो कुनै व्यक्तिको बौद्धिक सम्पत्ति होइन । पब्लिक मनीको खर्च गरेर बनाइने कुनै पनि दस्तावेज र संकलीत तथ्याङ्क पब्लिक प्रोपर्टी हो । सार्वजनिक पहूँच हुने कुरामा प्रतिलिपी रहन हुँदैन । सबैले प्रयोग र पुनः प्रयोगको अभ्यास गर्न पाउनु पदर्छ ।

झ) दफा १५-राष्ट्रिय तथ्याङ्क परिषद्:

१) (द) मा त्रिभुवन विश्वविद्यालयको तथ्याङ्क केन्द्रिय विभाग मात्र रहने व्यवस्थाले अरु विश्वविद्यालयलाई विभेद गर्दछ । तसर्थ अरु प्राज्ञिक निकायको पनि सहभागिता गराउनु राम्रो हुन्छ ।

२) यस परिषदमा स्थानीय सरकारको प्रतिनिधित्व छैन । प्रतिनिधिमूलक हुनुपर्छ ।

३) यस परिषद्मा महालेखा नियन्त्रणको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, *राष्ट्रिय सूचना आयोग र महालेखा परीक्षकको कार्यालय* जस्ता सूचना व्यवस्थापनसंग प्रत्यक्ष संलग्न निकायको पनि प्रतिनिधित्व हुनुपर्छ ।

४) नागरिक प्रतिनिधित्वको संख्या र क्षेत्र पनि थप हुनुपर्दछ ।

५) परिषद स्वतन्त्र र निश्पक्ष एवं राजनीतिक हस्तक्षेप मुक्त रहनु आवश्यक छ । राष्ट्रिय तथ्याङ्क निकायको निश्पक्षता लोकतन्त्रको लागि अति नै महत्वपूर्ण आधार हो ।

ञ) दफा २१ को उपदफा (ग) र (छ) हटाउनुपर्छ । तथा उपदफा १ (छ) मा व्यक्तिलाई आफ्नो निजत्वसँग सम्बन्धित तथ्याङ्क दिन बाध्य पारिने अवस्था गरिनु हुँदैन ।

ट) दफा २२ र २३ मा सरकारवादी मुद्दा हुने सम्बन्धी व्यापक र खुला व्यवस्थालाई पनि थप स्पष्ट पारिनु पर्दछ । सबै कसूर फौजदारी नै हुन्छन भनेर व्यापक दायरामा छोडिनु हुँदैन । कसूरहरु फरक-फरक हुनसक्ने भएकाले यी दफालाई थप स्पष्ट पारिनु पर्दछ । अध्ययन, अनुसन्धान, वकालत, सर्भे जस्ता प्राज्ञिक र नागरिक समाजका क्रियाकलापहरुलाई " फौजदारी कसुर" को दायरामा राख्नु लोकतन्त्रको लागि सुहाउने पक्ष होइन ।

ठ) दफा २८, दर्ता हुनपर्ने :

यो दफा पनि यहाँ सार्न्दभिक छैन । विभिन्न प्रचलित कानुनहरुले विभिन्न प्रकारका संस्था सिर्जना गर्दछन् । संस्था नभई अनुसन्धान र परामर्शको कार्यका लागि तथ्याङ्क संकलन नै गर्न नपाउने अवस्था यस दफाबाट हुनजान्छ ।

ड) दफा ३३, निर्देशिका र कार्यविधि बनाउन सक्ने :

प्रत्यायोजित अधिकारको क्षेत्र निकै धेरै भयो । यी ८ वटा मध्ये सकेसम्म ऐनमा नै सैद्धान्तिक स्वरुप दिन सकिने केही विषय छन् । कार्यकारीलाई निकै वृहत् क्षेत्र छोड्दा विधायकी कर्तव्य पुरा हुँदैन ।

तसर्थ, उपदफा १ को (क), (ग) र (घ) तथा उपदफा २ को (ख) सम्बन्धि कार्यविधिहरुको केही सैद्धान्तिक विषयहरु ऐनमा नै रहनुपर्दछ । **उदाहरणको लागि जस्तो-** राष्ट्रिय जनगणना दश/दश वर्षमा गरिने छ । सो गणना गर्न छ महिना लाग्ने छ । सो को प्रतिवेदन प्रकाशन एक वर्ष भित्रमा हुने छ । गणनाका आधारहरु यस्ता-यस्ता हुनेछन् भन्ने जस्ता विषय ऐनले नै निर्दिष्ट गरिनु पर्दछ ।

५) विधेयकमा छुटेका र थपिनु पर्ने केही विषयहरुका सुझावहरु :

५.१) तथ्याङ्कको मानक र गुणस्तरका आधारभूत सिद्धान्त स्पष्टगर्ने, संविधानको अनुसूची ५,६ र ८ का प्रबन्ध अनुसार तथ्याङ्कीय अधिकारको क्षेत्र निर्धारणगर्ने र संघीय संरचनामा हुनुपर्ने तथ्याङ्कीय संरचना स्पष्ट गर्नुपर्ने आवश्यकतालाई प्रस्तुत विधेयकले समेट्न सकेको देखिदैन । तसर्थ संघीय तथ्याङ्क प्रणाली सुनिश्चित गर्नेगरी प्रावधानहरु थप हुनुपर्दछ ।

५.२) तथ्याङ्क विधेयकमा सूचना-तथ्याङ्क, विवरण, आँकडा आदिको परिभाषा गर्दा र पहुँचको आधार तोक्दा सूचनाको हक सम्बन्धी ऐन-२०६४ ले गरेको सूचनाको परिभाषालाई

आत्मसात् गरिनु पर्दछ । साथै सो ऐनले सूचनाको हकको अपवादका रुपमा व्यवस्था गरेको दफा ३(३) को व्यवस्था अनुसार सूचनामा (तथ्याङ्कमा) पहुँच हुनेगरी प्रवन्ध हुनुपर्दछ। र, सो ऐनको दफा ५ को स्वत: प्रकाशन सम्बन्धी व्यवस्था अनुरुप राष्ट्रिय तथ्याङ्क प्रणालीमा रहने अभिलेख, विवरण र तथ्य-तथ्याङ्कमा स्वत: खुलासा हुने सुनिश्चितता हुनुपर्छ ।

५.३) तथ्याङ्क प्रणालीमा रहेको सूचनामा व्यक्तिलाई आफ्नो सरोकारको सूचनामा पहुँच हुने र सो को सत्यपान गर्ने तथा सच्याउन पाउनेगरी पहुँच-प्रक्रिया निर्धारण हुनपर्दछ ।

५.४) सरकारी तथ्याङ्कको खुलापन सम्बन्धी ओपेन डाटा चार्टर (Open Data Charter) ले विकास गरेका सिद्धान्तहरु यस ऐनले सम्बोधन गरिनुपर्दछ ।

५.५) संयुक्त राष्ट्रसंघीय तथ्याङ्क सम्बन्धी सिद्धान्त "United Nations Fundamental Principle of official statistics" ले राखेका मान्यता एवं सिद्धान्तलाई यस कानुनको परिमार्जनका आधार बनाउँदा समसामयिक हुनेछ। तसर्थ सो सिद्धान्तलाई विधेयकका विभिन्न दफामा-ध्यानमा राखिनु पर्दछ ।

५.६) सरकारी तथ्याङ्क भनेको सार्वजनिक सम्पती हो । र, सो सम्पती माथि करदाताको स्वामित्व नै प्राथमिक हो भन्ने मान्यता कानुनमा झल्कनु पर्दछ ।

५.७) कुनैपनि तथ्याङ्क(Data)को प्राइमरी रेगुलेटर -व्यक्ति हो । तसर्थ सो मान्यता कानुनमा स्पष्ट झल्कनु पर्दछ । व्यक्तिको सूचनाको दूरुपयोग तथ्याङ्क प्रणालीबाट नहुने सुनिश्चितता गरिनु पर्दछ । व्यक्तिका सूचना मध्ये कुन सार्वजनिक पहुँचमा हुने कुन संरक्षणमा राख्नु पर्ने हो सो छुट्टयाउनु पर्छ ।

५.८) तथ्याङ्कको पहुँच विना नागरिकको सशक्तिकरण र समग्र विकास दीगो बन्न सक्दैन । प्रमाणमा आधारित वहस र त्यसमा टेकेर प्रभावकारी अनुगमन र निगरानीका प्रक्रिया अगाडि बढ्न सक्दैन । तसर्थ *तथ्य-तथ्याङ्क, कोरा तथ्याङ्क, आँकडा, सूचना र विवरण* जे जस्तो स्वरुपमा रहेको हुन्छ , सो मा नागरिकको पहुँच सुनिश्चित गरिनु पर्दछ ।

५.९) सरकारी तथ्याङ्कहरुको वर्गीकरण (Classification) गर्ने र सो को लागि सूचनाको हकको ऐनको दफा ३,४,५ र व्यक्तिगत गोपनीयताको हक सम्बन्धी ऐन लाई आधार बनाउनु पर्छ। तथा स्टेट सेक्रेसी रहनुपर्ने विषयहरु निर्धारण गरी के-के विषयका तथ्य, तथ्याङ्क, कोरा तथ्याङ्क, आँकडा र विवरणहरु कसरी कुन-कुन तथ्याङ्क आम पहुँचमा हुंदैनन भन्ने स्पष्ट व्यवस्था यस विधेयकमा हुनुपर्छ ।

५.१०) राष्ट्रिय तथ्याङ्क प्रणालीमा खुला तथ्याङ्कको प्रवर्द्धन गर्ने र यस प्रणालीमा नागरिक समाज, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रको सिर्जनात्मक संलग्नता लाई प्रोत्साहन गर्ने सोच र स्पेस रहनुपर्छ ।

५.११) संघीय, प्रदेश र स्थानीय तह समग्रको तथ्याङ्क प्रणाली भित्रका -तथ्य-तथ्याङ्कीय सूचनाहरु पुनप्रयोग तथा पुनवितरण गर्न योग्य हुने गरी कम्प्युटर उपकरणहरुले सम्पादन र प्रशोधन गर्न सक्ने स्वरुपमा अभिलेखबद्ध गरिनु आवश्यक छ । यसले नवप्रवर्तनलाई प्रोत्साहित र ज्ञानको प्रयोगमा सरलता प्रदान गर्दछ ।

५.१२) डिजिटल प्रणालीमा रहेका तथ्य-तथ्याङ्क तथा विवरणहरु आम नागरिकलाई निशुल्क प्राप्त हुने सुनिश्चितता पनि ऐनमा नै रहनु पर्दछ ।

५.१३) यस ऐनले अन्य सार्वजनिक निकायहरुले संकलन गर्ने, प्रशोधन गर्ने र अभिलेख राख्ने एवं प्रवाह गर्ने तथ्याङ्कहरुको व्यवस्थापनका लागि मार्गदर्शन गनसक्नु पर्दछ। जस्तै-राष्ट्र बैंक, नापी विभाग, महालेखा नियन्त्रकको कार्यालय, भन्सार, शिक्षा कृषि तथा स्वास्थ्य मन्त्रालयको सूचना व्यवस्थापन प्रणाली, प्रदेश सामाजिक विकास मन्त्रालयहरु पालिका सरकारहरु र विभिन्न सरकारी अर्धसरकारी प्राज्ञिक एवं अनुसन्धान संस्थाहरु आदी निकायको लागि पनि तथ्याङ्क व्यवस्थापनका आधारभूत केही सिद्धान्तहरु निर्देषित गरिनु पर्दछ ।

६) निष्कर्ष:

राष्ट्रिय तथ्याङ्क प्रणालीमा एकरुपता र आम नागरिकको पहुँचमा सरलता आई महत्वपूर्ण सूचना र तथ्याङ्कबाट नागरिकहरुले बहुआयमिक लाभ पाउने छन् । सूसुचीत नागरिकको सार्वजनिक मामिलामा संलग्नता र सहभागिता बढ्न जानेछ । यसरी Data- Democracy सबल भै दीगो विकास प्रक्रिया सुदृढ हुनेछ ।

तथ्याङ्क विधेयकलाई राष्ट्रिय सभाको विधायन समितिबाट आवश्यक सुधारका लागि सकारात्मक प्रयास भैरहेको छ । माथि, उल्लेखित दफावार र नीतिगत सुझावहरु सो समितिमा प्रस्तुत गरिसकेको छ । र, समितिले पनि यी सुझावहरुलाई महत्वका साथ ग्रहण गरेको छ। यस प्रकृयामा तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालय समेतका अधिकारीहरुमा पनि सकारात्मक भूमिका रहेको छ । राष्ट्रिय योजना आयोगका सदस्य सचिवको पहलमा नै फ्रिडम फोरमका तर्फबाट संसदीय समितिसमक्ष यस सम्बन्धी छलफल र प्रस्तुती गर्ने अवसर प्राप्त भएको छ । सोही छलफलमा गरिएको प्रतिवद्धता अनुसार यो नीतिपत्र पनि संसदीय समितिसमक्ष सहयोगी हुने ठानी तयार गरिएको हो। राष्ट्रिय सभाको विधायन समितिले सुधार गरेर पनि समेट्न नसकिएका विषयहरुमा पछि प्रतिनिधि सभाको समितिमा हुने छलफलबाट पनि सुधार गर्न सकिन्छ। यसका लागि तथ्याङ्क प्रशासनसँग सम्बन्धित निकायका उच्च अधिकारीहरु र नागरिक समाजको निरन्तर सक्रियता भने आवश्यक पर्दछ ।

त्यस प्रकारको सकृय फलोअपका लागि यो नीतिपत्र सहयोग हुने विश्वास र आशा गरिएको छ। यसले विधेयकका समग्र पक्षहरुलाई समेट्न सकेको छैन । यो पत्र खुला तथ्याङ्कको अवधारणाको परिप्रेक्षबाट गरिएको विश्लेषण र सो अवधारण अनुसारका अपेक्षा र सुझावमा केन्द्रित छ। तथापी तथ्याङ्क विधेयकको बहुआयामिक पक्षमा सरोकार राख्ने सबै पक्षहरु र जनमत बनाउने मिडिया समेतका लागि एक उपायोगी सन्दर्भ सामाग्री हुने हाम्रो विश्वास छ ।

७) नोट

तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयकको लिंक : https:// na.parliament.gov.np/ uploads/attachments /grbieu0ojllvobft.pdf

८) सन्दर्भ सूची :

नेपाल कानुन आयोग (२)७२) । नेपालको संविधान २०७२ । काठमाडौं, नेपाल लेखक

राष्ट्रिय सभा (२०७६) तथ्याङ्क सम्बन्धी कानुनलाई संसोधन र एकीकरण गर्न बनेको विधेयक काठमाडौं नेपाल लेखक
नेपाल कानुन आयोग (२०६४) । सूचनाको हक सम्बन्धी ऐन, २०६४ । काठमाडौं, नेपाल लेखक

नेपाल कानुन आयोग (२०६५) । सूचनाको हक सम्बन्धी नियमावली २०६५ । काठमाडौं, नेपाल: लेखक

नेपाल कानुन आयोग (२०६४) । सुशासन ऐन २०६४ । काठमाडौं, नेपाल: लेखक

नेपाल कानुन आयोग (२०६५) । सुशासन नियमावली २०६५ । काठमाडौं, नेपाल: लेखक

नेपाल कानुन आयोग (२०७२) । स्थानीय सरकार सञ्चालन ऐन २०७२ । काठमाडौं, नेपाल: लेखक

नेपाल कानुन आयोग (२०७४) । स्थानीय सरकार सञ्चालन ऐन २०७४ । काठमाडौं, नेपाल: लेखक

ओपन नलेज नेपाल (२०७३) । खुल्ला तथ्यांक पुस्तिका । काठमाडौं, नेपाल: लेखक

नेपालकानुनआयोग (२०७५) । गोपनियता सम्बन्धी ऐन, (२०७५) । काठमाडौं, नेपाल: लेखक

राष्ट्रिय सूचना आयोग (२०७४) खुला सरकारी तथ्याङ्क सम्बन्धी राष्ट्रिय रणनीति पत्र, २०७४ काठमाडौं, नेपाल: लेखक

फ्रिडम फोरम (२०७६) एकिकृत प्रविधि मार्फत सुशासन प्रवर्द्धनमा नागरिक सहभागिता अभिवृद्धि तालिम सहजीकरण निर्देशिका, २०७६ । काठमाडौं, नेपालः लेखक

फ्रिडम फोरम (२०७४) नेपालमा खुला तथ्याङ्क र सुचनाको हकको अन्तरसम्बन्ध, २०७४ । काठमाडौं, नेपालः लेखक

दाहाल, तारानाथ र सापकोटा, कृष्ण (२०७६) खुला सरकार, खुला संसद, २०७६ । काठमाडौं, नेपालः लेखक

सापकोटा, कृष्ण र दाहाल, तारानाथ (२०७४) संघिय र स्थानीय तहमा खुला तथ्याङ्क प्रयासः नक्शांकन र विश्लेषण, २०७४ । काठमाडौं, नेपालः लेखक

सापकोटा, कृष्ण (२०७७) खुला तथ्याङ्क, दिगो विकास र संसदः नीति पत्र २०७७ । काठमाडौं, नेपालः लेखक

ओपन डाटा चार्टर (२०१५) खुला तथ्याङ्क सम्बन्धी अन्तर्राष्ट्रिय वडापत्र, २०१५ । लेखक

संयुक्त राष्ट्र संघ (२०१४) सरकारी तथ्याङ्क सम्बन्धी संयुक्त राष्ट्र संघको आधारभूत सिद्धान्त, २०१४

जापान सरकार (२००७), जापानको सरकारी तथ्यांक सम्बन्धी खुला तथ्याङ्क रणनीति टोकियो, जापानः लेखक

उपाध्याय, श्याम (२०७७), तथ्याङ्क र राष्ट्रको सम्प्रभुसत्ता २०७७ । काठमाडौं, नेपालः लेखक

बेलायत, अमेरिका, भारत, स्लोभेनिया र जापानको तथ्याङ्क सम्बन्धी राष्ट्रिय कानुनहरु

Central Bureau of Statistics (2017). Statistical System of Nepal. Kathmandu, Nepal: Author

९) परामर्श गरिएका व्यक्तिहरु :

परशुराम मेघी गुरुङ, विधान व्यवस्थापन समिति, राष्ट्रिय सभा
विमला राई पौडेल, विधान व्यवस्थापन समिति, राष्ट्रिय सभा
मनोज गिरी, विधान व्यवस्थापन समिति, राष्ट्रिय सभा
दिनानाथ शर्मा सुशासन तथा दिगो विकास समिति, राष्ट्रिय सभा
केवलप्रसाद भण्डारी, सदस्य सचिव, राष्ट्रिय योजना आयोग
कृष्णहरी बास्कोटा, पूर्व प्रमुख सूचना आयुक्त
किरण पोखरेल, पूर्व सूचना आयुक्त
नेविनलाल श्रेष्ठ, केन्द्रिय तथ्याङ्क विभाग
धर्मेन्द्र झा, सूचनाको हकको प्रशिक्षक
टंक अर्याल, एफएचआई ३६०
सन्तोष, सिग्देल, अधिवक्ता
रमेश पौडेल, पेफा सचिवालय
मुक्तिरमण पराजुली, पेफा सचिवालय
केदार खड्का, गोगो फाउण्डेशन
डा. सुधांशु दाहाल, प्रोफेसर, काठमाडौं विश्वविद्यालय
डिला पन्त, संसद सहयोग कार्यक्रम/युएनडिपी
सरोज बिष्ट, योङइनोभेसन
सञ्जीव घिमिरे, फ्रिडम फोरम
विभूषण बिष्ट, योङइनोभेसन
प्रकाश कुमार पौडेल, काठमाडौं विश्वविद्यालय
मिलन श्रेष्ठ, सामाजिक अनुसन्धानकर्ता
सजना महर्जन आमत्य, द एशिया फाउण्डेशन
प्रनय स्थापित, द एशिया फाउण्डेशन
आदित्य दाहाल, सूचनाको हकको अभियन्ता
नारायणप्रसाद घिमिरे, राष्ट्रिय समाचार समिति (रासस)
कुवेर चालिसे, कारोबार दैनिक
भिमप्रसाद गौतम, आर्थिक पत्रकार समाज
अनिरुद्र न्यौपाने, सुशासन अभियन्ता
भावना पोद्दार, फ्रिडम फोरम
भूमिराज चापागाईं, सेयरकास्ट इनिसियटिभ नेपाल
विष्णुपुकार श्रेष्ठ, काहुराष्ट
दयासागर श्रेष्ठ, दिगो विकासको लागि राष्ट्रिय अभियान
जेवि विश्वकर्मा, डिग्निटी इनिसियटिभ
कृष्णप्रसाद अवस्थी पिएल्जिएसपी, गण्डकी प्रदेश
निकेश बलामी, ओपन नलेज नेपाल
पुष्पराज आचार्य, इकागज मिडिया प्रा.लि
सन्तोष गर्तौला, विकास उद्यमी
नानुमैंया खड्का, फ्रिडम फोरम



विश्लेषणकर्ता: तारानाथ दाहाल/कृष्णप्रसाद सापकोटा

FREEDOM FORUM

"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो । मानव स्वतन्त्रताको उच्चतम मूल्यप्रति प्रतिवद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री तथा विकास कार्यकर्ताहरुको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, वजेट पारदर्शिता, निर्वाचन तथा लोकतान्त्रिक शासन प्रणाली, सार्वजनिक वित्त व्यावस्थापन र सामाजिक जवाफदेहिता प्रवर्द्धनका गतिविधिमार्फत आम जनतालाई लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवस्थामा पुऱ्याउन यो संस्था प्रयासरत छ । समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरु यसका सदस्य वन्न सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनसँग सहकार्य गरेर अगाडि वढ्ने हाम्रो नीति रहेको छ । सम्पूर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्छ ।